# नेपाल वित्तीय संस्था कर्मचारी संघ
## राष्ट्रिय समिति
## बबरमहल, काठमाण्डौ, नेपाल
(स्थापित : २०४७)

# विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको **Covid-19 (कोरोना भाइरस)** को कारण हाम्रो देशमा पनि संक्रमितहरुको संख्या करीब ४५,५०० पुगेको र २८० जनाको मृत्यु भइसकेको अवस्थामा आमजनमानसमा यसको त्रास बढिरहेको छ भने देशको विभिन्न ठाउँमा जारी निषेधाज्ञाले नागरिकहरुको जनजीवन दिनानुदिन कष्टर भईरहेको छ । यसै परिप्रेक्ष्यमा, नेपालमा कोरोना भाइरस संक्रमितको संख्या वृद्धि हुनसक्ने सम्भावनालाई मध्यनजरगरी यस जोखिममा आर्थिक सुरक्षण प्रदान गर्न **बीमा समितिले कोरोना बीमालेखमा उल्लिखित शर्त तथा सुविधा सहित रु. १ लाख र रु. ५० हजार बराबरको बीमाङ्क हुनेगरी मिति २०७७/०१/०४ मा प्रेस विज्ञप्ती मार्फत कोरोना भाइरस (Covid-19) बीमालेख** जारी गरिएको स्मरण गराउँदछौं ।

यसै सन्दर्भमा, **बीमा समितिले जारी गरेको "कोरोना बीमा मापदण्ड, २०७७" को परिच्छेद ३ को दफा ११ मा नेपाल सरकार स्वास्थ्य मन्त्रालय अर्न्तगतका निकायबाट PCR परीक्षण गर्दा कोरोना भाइरस (कोभिड-१९) रोग संक्रमण देखिएको प्रमाण पेश भएमा ७ (सात) दिन भित्र दाबी भुक्तानी गर्नु पर्नेछ** भनी उल्लेख गरिएकोमा बीमा समितिको च.नं. ७५२/२०७७/०७८, मिति २०७७/०५/१८ मा जारी गरिएको पत्रानुसार स्वास्थ्य मन्त्रालय अर्न्तगका निकाय बाहेक **अन्य निकायबाट जारी PCR परीक्षणको दाबी भुक्तानी नगर्न थप स्पष्ट गरिएको** भनी सूचना जारी भएकोमा **यस संघको गम्भीर ध्यानाकर्षण** भएको छ ।

२० वटा बीमा कम्पनीबाट करीब ९ लाख ४४ हजार भन्दा बढी बीमितले बीमा गराइसकेको र रु. ५३ करोड भन्दा बढी रकम संकलन गरीसकेको अवस्थामा मिति २०७७/०५/१७ सम्म १,५२५ जनाले बीमा दाबी गरेकोमा २६९ जनालाई रु.२,५९,००,०००/- भुक्तानी भएको र रु. ११,८४,००,०००/- भुक्तानी दिन बाँकी रहेको देखिन्छ । **बीमा समितिद्वारा मिति २०७७/०५/१८ मा गरिएको सर्कुलरले बीमितहरुलाई दाबी भुक्तानी गर्न थप जटिल अवस्था सृजना भएको छ ।** तसर्थ, नेपाल सरकारले बढ्दो संक्रमणलाई मध्यनजर गरी नीजि अस्पताल तथा ल्याबहरुलाई समेत **PCR** परीक्षण गर्ने स्वीकृति प्रदान गरेको व्यहोरा स्मरण गराउँदै सरकारबाट स्वीकृती प्राप्त यी निजी ल्याबमा परीक्षण गरेको **Report** लाई नमान्ने तर सरकारी ल्यावमा परीक्षण गरेको Report को आधारमा मात्र बीमा दाबी भुक्तानी पाउंने ? सरकारले सरकारी तथा निजी दुबै प्रकारका ल्याबमा परीक्षण गरेका सम्पूर्णलाई COVID-19 Positive वा Negative नतिजाको आधारमा आफ्नो दैनिक आँकडालाई अध्यावधिक गरेर कोरोना भाइसरबाट संक्रमितहरुलाई उपचार गर्न वा Isolation मा बस्ने सेवा तथा सल्लाह र सुझाव दिन हुने तर निजी ल्यावमा परीक्षण गरेको Report को आधारमा दाबी भुक्तानी गर्न किन नहुने ? बीमा व्यवसाय प्रति आमनागरिकको विश्वसनीयता अभिवृद्धि गर्नुको सट्टा

यस क्षेत्रको विश्वसनीयता नै गुम्ने गरी नियामक निकायबाट भएको यस्तो अव्यवहारिक तथा अदुरदर्शी निर्णयलाई तत्काल फिर्ता लिई बीमा क्षेत्रको विश्वनीयता बढाउंन सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराउंदछौं ।

नेपाली समाजमा निकै व्यवहारिक एवं यथार्थ उखान ***घाँटी हेरेर हाड निल्नु*** भन्ने उखानको भावना आत्मसातगरी बीमा कंम्पनीहरुले आफ्नो क्षमताले धान्नसक्ने भन्दा बढी बीमालेख जारीनगर्ने भनी पोलीसी जारी गर्ने कार्य बन्द गरे पछि बीमा समिति र नेपाल सरकारको निर्णयानुसार पुनः यो बीमा पोलीसी असिमित रुपमा जारी गरेकोमा हाल आएर उक्त दायित्व सम्वन्धित पक्षले बहन गर्न कठीन हुनसक्ने भएपछि सरकारी वा निजी ल्यावको ईस्यू बनाई दायित्वबाट पन्छिन बीमा कंम्पनी, बीमा समिती र सरकार कसैलाई पनि छुट नभएकोले सेवाग्राहीलाई परेको यस समस्याको समाधान तत्काल निकाल्न सम्वन्धित सवैको ध्यानआकृष्ट गराउंन चाहन्छौ ।

बैंक, बीमा, लघुवित्त तथा अन्य वित्तीय क्षेत्रमा कार्यरत कर्मचारीहरु यस COVID-19 को जोखिमका बाबजूद पनि संस्थाको जिम्मेवारी बहन गर्ने क्रममा कोरोना भाइरसबाट संक्रमित हुने संख्या दिनानुदिनु वृद्धि भइरहेको अवस्थामा कोरोना बीमा दाबी भुक्तानी सन्दर्भमा गरिएको निर्देशनले यस क्षेत्रका कर्मचारीहरुलाई समेत असर पर्न गएकोले बीमा समितिद्वारा जारी उक्त निर्देशन तत्काल फिर्ता लिन यस संघ जोडदार माग गर्दछ ।

अन्तमा, बीमा पोलीसीमा उल्लिखित शर्त तथा बन्देजको आधारमा तत्काल बीमा दाबी भुक्तानीको लागि आवश्यक सहज एवं सरल प्रकृयाको व्यवस्था गरी बीमा क्षेत्रको साख गिर्न नदिन जिम्मेवार नियामकको भूमिका निर्वाह गर्नेतर्फ बेलैमा सचेत हुन बीमा समितिलाई आग्रह गर्दछौं । साथै, वित्तीय क्षेत्रमा कार्यरत कोरोना संक्रमित सम्पूर्ण कर्मचारी साथीहरुमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

**सुरक्षित होऔं !** **सामाजिक तथा भौतिक दूरी कायम गरौं ‼** **धन्यवाद !!!**

**२०७७ साल भदौ २१ गते, आईतबार !**

(हरि राज खरेल)
महासचिव

(पदमराज रेग्मी)
अध्यक्ष